# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. ०८१/०८२
च.न. २८५४

मिति २०८१।०७।३०

विषय :– सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्य सञ्चालन वारे ।

श्री रत्ननगर न.पा. वडा समितिको कार्यालय
रत्ननगर वडा नं १ देखी १६ नं सम्म ।

प्रस्तुत सन्दर्भमा यस रत्ननगर न.पा. को वडा नं १ देखी १६ सम्मका सवै भौगोलिक सिमाना भित्र छरिएर रहेका सार्वजनिकक ऐलानी ,पर्ति ,नदी उकास , सरकारी साथै विगतमा नेपाल सरकारवाट लगत कट्टा भई सरकारको मातहत कायम रहेका जग्गाहरुको स्थलगत नाँप जाँच तथा संरक्षण कार्य अगामी २०८१ मंसिर २ गतेवाट रत्ननगर १६ वडावाट शुभारम्भ हुन गैरहेकोले तहाँको वडा अन्तर्गत रहेको यस्ता प्रकृतिका जग्गाहरुको लगत विवरण संकलन गरी यस न.पा. कार्यालयमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०७/३०

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

CamScanner

४. नगर प्रमुख – श्री प्रल्हाद सापकोटा, रत्ननगर नगरपालिका
रत्ननगर, चितवन ।

प्रस्ताव तथा निर्णयहरु:

निर्णय नं.१ यस रत्ननगर न.पा.को कार्यपालिकाको २०८१।८।१०को बैठक बाट यस सार्वजनिक जग्गा संरक्षण समिति को पुर्न गठन भई नयाँ कार्य जिम्मेवारी तोकी आएको मा सर्व संयोजक लगायत पदाधिकारी सदस्य हरुको एकआपसमा परिचय गर्दै नगर प्रमुख, नगर उप प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृत हरु बाट यस समिति गठन, यसको आगामी कार्यभार साथै यस समिति बाट समस्त नगरपालिका को संस्थागत सोच र निभाउन भूमिका बारेमा मार्गनिर्देशन प्राप्त गरि आगामी कार्य योजना समेत बारे व्यापक छलफल गरियो ।

निर्णय नं. २, यस रत्ननगर न.पा.ले २०८१ मंसिर १ गते सम्मको म्याद दिई यस नगरका सर्व क्षेत्रमा छरिएर रहेका सार्वजनिक ऐलानी, पर्ति, नदि उकास एवं सरकारी सम्पत्ती हरुको गैरकानुनी एवं अनाधिकृत रुप मा भैरहेको उपयोग बारे जानकारी यस न.पा. तथा वडा कार्यलय समक्ष उपलब्ध गराउनु हुन सम्पूर्ण नगरवासी समक्ष आह्वान भएको मा हाल सम्म यस नगरपालिका का सबै वडाहरुमा नागरिक बाट प्राप्त सुचना तथा वडा कार्यलय बाट समेत आफ्नै निगरानी गरी पहिचान भएका जग्गाहरुको भौगोलिक अवस्थिती साथै अन्य विवरण समेत खुल्ने गरी यस न.पा. कार्यलयको सार्वजनिक जग्गा संरक्षण समितीलाई प्राप्त हुने गरी उपलब्ध गराउन पत्राचार गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं.३, यस समिती ले यहि २०८१ मंसिर २ गते बाट रत्ननगर नगरपालिका वडा नं. १६ मा रहेको अतिक्रमित जग्गा खोजबिन, छानबिन तथा प्राविधिक रुपमा स्थलगत नापजाँच गर्ने कार्यप्रारम्भ गरि दिउसो १ बजे यस समिति का सर्व पदाधिकारी हरु समेत उपस्थित भई कार्य आरम्भ गर्ने सर्वसम्मत निर्णय गरियो ।

CS CamScanner